**१) सूचनाको हक सम्बन्धी व्यवस्थाको प्रादुर्भावको व्याख्या गर्दै यस सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था र यसका सिमा उल्लेख गर्नुहोस्। ४+३+३=१०**

**विषय प्रवेश**

सर्वाजनिक निकायमा रहेका सार्वजनिक महत्व तथा सरोकारको सूचनामा नागरिकको पहुँच वा नागरिकले प्राप्त गर्ने अधिकार नै सूचनाको हक हो । सूचनाको हक सरकार तथा सार्वजनिक निकाय र नागरिकसँग सम्बन्धित छ । सुशासन, न्याय, लोकतन्त्र, नागरिकमैत्री सेवा प्रवाहका लागि सूचनाको हकलाई आधारभूत हकका रुपमा लिइन्छ।

**प्रादुर्भाव**

सुचनाको हक नागरिकको अधिकार सँगै सरकार वा सार्वजनिक निकायको दायित्व समेत हो। यस्तो अधिकार र दायित्वको बोध गर्ने सुचनाको हकको प्रादुर्भावको बारेमा यहाँ चर्चा गरिएको छ :

- परम्परागत रुपमा सूचनाको हकको सुरुवात सार्वजनिक व्यवस्थापनको सुरुवात सँगै भएको हो। सूचना प्राप्त गर्ने विधि, पद्धति, स्वरुप तथा संरचनामा भने विस्तारै विकास एवं विस्तार हुँदै आएको मान्न सकिन्छ।
- विशिष्टिकृत वा आधुनिक रुपमा सूचनाको हकलाई कानूनी रुप दिई सुरुवात सन् १७६६ मा स्वीडेनबाट भएको,
  - नागरिकको सूचनाप्राप्त गर्ने हक कानूनी रुपमै सोही बेलाबाट प्रारम्भ भएको,
- वर्तमान समयमा यसमा कानूनी विकास एवं विस्तार सँगै परिमाणात्मक तथा गुणात्मक बढोत्तरी हुँदै आएको,
- सोही बमोजिम यस हकलाई कानूनी रुपमै प्रत्याभूति गर्दै कतिपय लोकतान्त्रिक मुलुकले त संवैधानिक प्रत्याभूति समेत गरेका,
- नेपालको सन्दर्भमा, नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलो पटक 'सूचनाको हक'को व्यवस्था गरिएको हो। त्यस पछिका सबै संविधानहरुले यसलाई निरन्तरता दिँदै आएका,
  - विशिष्टिकृत कानूनका रुपमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ जारी रहेका।

**कानूनी तथा नीतिगत व्यवस्था**

सुचनाका हकका सम्बन्धका तय गरिएका कानूनी तथा नीतिगत व्यवस्थाहरु यहाँ उल्लेख गरिएको छ :

- नेपालको संविधानमा गरिएको मौलिक हकहरुको व्यवस्था,
  - संचारको हक धारा–१९
  - सूचनाको हक धारा–२७
  - गोपनियताको हक धारा–२८
  - संवैधानिक उपचारको हक धारा–४६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५,
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५,
- विद्युतीय कारोवार ऐन,
- अन्य सम्वृद्ध कानून तथा विशिष्टिकृत नीतिहरु
  - योजना
  - बजेट आदि।

**सीमा के छन्?**

सूचनाको हक सरकार तथा सार्वजनिक निकाय र नागरिकसँग सम्बन्धित विषय हो । यसले शासन, विकास र सेवा प्रवाहमा पारदर्शिता एवम् जवाफदेहिता प्रवर्द्धन गर्दछ। तथापि, सूचनाको हकको अभ्यासमा देहायबमोजिमका केही सीमा छन् :

- सार्वजनिक निकायमा रहेको वैयक्तिक सूचना,
- असम्बद्ध निकायको सूचना, (एउटा सार्वजनिक निकायबाट अर्को सार्वजनिक निकायको सूचना)
- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, स्वतन्त्रता, अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पार्ने सूचना,
- कुनैपनि अपराधको अनुसन्धान तथा तहकीकातमा प्रतिकूल असर पार्ने सूचना,
- आर्थिक, बैंङ्किङ, व्यावसायिक हित, बौद्धिक सम्पत्ति अधिकार माथि प्रतिकूल असर पार्ने सूचना,
- विभिन्न जातजाति, लिङ्ग, धर्म, भाषा, संस्कृति आदिका सम्बन्धमा आघात (खलल) पार्ने सूचना,
- वैयक्तिक चरित्रका (गोपनियता) सूचना,
- अन्य विशिष्टिकृत कानूनहरुले गोपनियता राख्नेगरी तोकेका सूचना आदि ।

**सार**

नागरिकको अधिकारका रुपमा रहेको सुचनाको हकको प्रत्याभूति दिलाउनु सार्वजनिक निकाय वा सरकारको दायित्व हो । यसका लागि संविधानमा प्रष्टता संगै विभिन्न नीतिगत तथा कानूनी व्यवस्था गरिएको छ । उल्लेखित सीमाभित्र रहेर यस सम्बन्धी अधिकारको प्रयोग गरेमा शासन, विकास र सेवा प्रवाह जनमैत्री एवं जनकेन्द्रित हुन सक्दछ।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**२) स्थानीय स्वायत्त शासनका लागि आवश्यक पर्ने अनिवार्य पक्षहरु उल्लेख गर्दै यसका उद्देश्य तथा चुनौतीहरुको चर्चा गर्नुहोस।**
**३+३+४=१०**

## विषय उठान

आफ्नो क्षेत्रको शासनको प्रबन्ध र सञ्चालन आफै जनतालेनै गर्ने गरी पूर्ण अधिकार भएको व्यवस्था स्थानीय स्वायत्त शासन हो। यस्तो शासन प्रणालीमा स्थानीय स्तरमा नै कार्यपालिका, व्यवस्थापिका र न्यायापालिकाको अभ्यास गर्ने संरचना तय गरिएको हुन्छ। स्थानीयस्तरको शासन संचालन र त्यस्तो शासनको अभ्यास गर्ने संयन्त्र स्थानीय सरकार वा तह हो।

## अनिवार्य पक्षहरु के हुन् ?

स्थानीय स्वायत्त शासनका लागि निम्न पक्षहरू अनिवार्य हुनुपर्दछ :

- संविधान र कानूनले दिएको अधिकारको स्पष्टता,
- तोकिएको भौगोलिक क्षेत्र र जनसंख्याको निश्चितता,
- जनताले छानेका जनप्रतिनिधि,
- जनताको इच्छा र चाहना बमोजिम शासनको प्रवन्ध,
- राजनैतिक तथा प्रशासनिक संरचना र जनशक्ति व्यवस्थापन,
- स्पष्ट निर्वाचन प्रणाली र गठन विधि,
- प्रष्ट  कम, कर्तव्य, अधिकार र जिम्मेवारी,
- संविधान तथा कानून बमोजिम नै वित्तीय विकेन्द्रीकरणको प्रष्टता आदि।

## स्थानीय स्वायत्त शासनका उद्देश्य

शासकीय अवधारणामा रहेर विश्लेषण गर्दा स्थानीय स्वायत्त शासनका उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- स्थानीय जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाउनु,
- स्थानीय तहको स्रोत, साधनको परिचालन, विनियोजन र विकासको सन्तुलित तथा न्यायोचित वितरणमा जनसहभागिता अभिवृद्धि गर्नु,
- मानवीय विकासको सन्दर्भमा जनप्रतिनिधिमूलक स्थानीय तहलाई जिम्मेवार बनाउनु,
- स्थानीय आवश्यकता र विविधतालाई संबोधन गर्नु,
- सामाजिक समावेशीकरणको प्रक्रियालाई प्रवर्द्धन गर्नु,
- स्थानीय तहलाई वित्तीय, प्रशासनिक र राजनीतिक हस्तान्तरण, आत्मनिर्भरता र स्वावलम्बनतर्फ उन्मुख गराउनु,
- निक्षेपित कामको दायित्व स्थानीय तहले नै बहन गर्ने संयन्त्रको निर्माण गरी स्थानीय स्वायत्त सरकारको विकास गर्नु,
- शासन प्रक्रियामा जनताको सहज र सुलभ पहुँच पुऱ्याउनु आदि।

गुरुमन्त्र एकेडेमी (लोक सेवा/शिक्षक सेवा तयारी), नयाँ बानेश्वर, काठमाडौं, फोन नं. 9749344744, 9861534895

**चुनौतीहरू के छन् ?**

स्थानीय स्वायत्त शासनका सफल विशेषताहरू थुप्रै भएता पनि यसका चुनौतीहरू पनि उत्तिकै छन् । यसमा बेलाबेला देखापर्ने चुनौतीहरूलाई बुँदागत रुपमा यहाँ उल्लेख गरिएको छ :

- स्थानीय तहलाई पूनर्संरचना (प्रशासनिक र वित्तीय) गरी शासकीय दृष्टिले सक्षम बनाउनु पर्ने,
- शासनमा उदारीकरण तथा लोकतान्त्रिकरणको प्रत्याभूति दिलाउनुपर्ने,
- कानूनी शासन तथा सुशासनको प्रत्याभूति गरी मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने,
- पूर्वाधारको विकास, विस्तार तथा हस्तान्तरण गर्नुपर्ने,
- निजी क्षेत्र, सहकारी, गैर सरकारी क्षेत्रसंग सहकार्य गरी विकास र सेवा प्रवाहमा साँझेदारी गर्नुपर्ने,
- स्थानीय जनसहभागितामूलक योजना पद्धतिलाई संस्थागत गर्न स्थानीय माग र आवश्यता अनुसार तथा संघीय योजनाबीच तादात्म्यता कायम गर्नुपर्ने,
- गैर सरकारी संस्थाहरूबाट प्रवाह हुने स्रोत र साधनलाई स्थानीय तहका कार्यक्रमसँग समन्वय गरी कार्यक्रम चयन गर्नुपर्ने,
- स्थानीय तहलाई स्थानीय सरकारको रुपमा कार्यान्वयन गरी जन अपेक्षा बमोजिम कार्य सञ्चालन गनुपर्ने,
- स्थानीय तहमा वित्तीय अनुशासन कायम गनुपर्ने,
- वित्तीय अधिकारको प्रयोग गरी कर, राजश्व, ऋण, अनुदान, आर्थिक स्वायत्तताको विधिवत खडा हुनुपर्ने,
- जवाफदेही, पारदर्शी, उत्तरदायी सरकार बनी जनविश्वास जित्नुपर्ने,
- आर्थिक अनुशासन कायम गरी जनताको रोजाईमा विकास एवम् शासन प्रशासनका क्रियाकलापहरू अगाडि बढाउनुपर्ने आदि ।

**सार**

विकेन्द्रीकृत शासन व्यवस्थाको अभिन्न कार्य वा पद्धतीको स्वरुपका रुपमा स्थानीय स्वायत्त शासन रहेको हुन्छ । यस्तो शासन प्रणालीको प्रमुख उद्देश्य सन्निकटताको सिद्धान्त बमोजिम शासन, विकास र सेवा प्रवाह गर्नु हो । सेवा प्रवाह गर्दा देखापर्ने उल्लेखित चुनौतीलाई समयमै सम्बोधन गर्न सकेमा जनअपेक्षाकृत स्थानीय स्वायत्त शासनको प्रत्याभूति गर्न सकिन्छ।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**३) नवीन सार्वजनिक शासनको अवधारणा प्रष्ट्याउदै नेपालको सार्वजनिक प्रशासनमा देखिएका समस्याहरु संबोधन गर्ने रुपान्तरणको मार्ग प्रस्तुत गर्नुहोस् । १०**

"Citizens' engagement in both service design and delivery"

**विषय प्रवेश**

शासन, विकास र सेवा प्रवाहको प्रारुप वा ढाँचा तयार देखि delivery (सेवाको प्रवाह) सम्म शासकीय पात्रहरुको संलग्नता हुनुपर्ने मान्यतासंगै नबीन सार्वजनिक शासनको अवधारणाको विकास भएको हो । यसले राज्य संयन्त्रमा बहुस्तरीय शासन पद्धतिको वकालत गर्दछ ।

**अवधारणा**

नागरिकलाई ग्राहकको रुपमा व्यवहार गर्ने नयाँ सार्वजनिक व्यवस्थापनले नागरिक सर्वोच्चता स्वीकार गर्ने लोकतान्त्रिक व्यवस्थाका मूल्य मान्यता अनुरुप काम गर्न सकेन । यो अवधारणाले बहुलबादी राज्य व्यवस्थाका बहुल विशेषताहरु र बहुल पात्रहरुसंग काम गर्ने वातावरण समेत सिर्जना गर्न नसक्दा यी समस्याहरुको संबोधन गर्ने उपाय सुझाउदै नवीन सार्वजनिक शासनको अवधारणाको विकास भएको हो ।

यसर्थ, नयाँ सार्वजनिक व्यवस्थापनले ल्याएको व्यवस्थापनवादको अव्यवहारिक पक्षको प्रतिक्रिया स्वरुप भएको बौद्धिक र बैचारिक बहसबाटै नवीन सार्वजनिक शासनको अवधारणाले जन्म लिएको मानिन्छ ।

यसले बढ्दो, जटिल र बहुल समाजमा नीति निर्माण तथा कार्यान्वयनमा नागरिकको सहभागिताको सुनिश्चितताको वकालत गर्दछ । Public service by public भन्ने मान्यता राख्ने यस अवधारणाले विशेषतः co–creation (सार्वजनिक सेवा वितरणमा), co-production (सार्वजनिक सेवाको उत्पादनमा) र co-construction (सार्वजनिक नीति निर्माणमा) को मान्यता राख्दछ ।

यसका मुख्यतया तीन मूल्य छन्। जसअनुसारः

- वृहत्तर सार्वजनिक सेवाको प्रवर्द्धन,
- शासकीय प्रक्रियाको सिर्जना,
- सहउत्पादन तथा सहनिर्माण (यसमा नागरिक, निजी क्षेत्र र गैर नाफामुलक संस्थाहरुसंग मिलेर सार्वजनिक वस्तु तथा सेवाको उत्पादन तथा वितरण गरिन्छ) ।

**रुपान्तरणको मार्ग**

सार्वजनिक प्रशासनलाई कस्तो प्रयोगमा ल्याउने हो तय गरी तदअनुरुप सुधारका उपायहरु अवलम्बन गर्नुपर्दछ । यसका लागि देहायका रुपान्तरणका मार्गमा जोड दिन सकिन्छ :

१. नवप्रवर्तन चालित सरकार (Innovation Driven Government)

- सरकारले सह–योगदानकर्ता, सह–उत्पादनकर्ता सँगै प्रवर्तनमा अग्रज (Pioneer of Innovation) का रुपमा काम गर्ने,
- यसले सुशासनको सुचक (Virtue Circle of Governance) सिर्जना गर्दछ र संस्कृति, संस्था र प्रक्रियामा आमूल परिवर्तन ल्याउछ ।
- कर्मचारीहरुलाई नवीन प्रवर्तन गर्न प्रोत्साहन गर्ने,
- (Innovation Expo) जस्ता कार्यक्रमहरु राख्ने,
- कर्मचारीहरुको Radical Curiosity लाई प्रोत्साहन गर्ने ।

२. डिजिटल शासन (Digital Government)

- डिजिटल प्रविधिमार्फत सेवा प्रवाह प्रक्रियामा सरलीकरण र नागरिकहरुको पहुँचमा असाधारण सुधार ल्याउने।
- Artificial Intelligence को प्रयोग गर्ने,
- सरकारले दिने सेवालाई Redesign गर्ने यसको वितरण गर्ने प्रक्रियालाई Digitized गरेर सेवा प्रवाहमा सुधार ल्याउने।
- सरकारी सम्पूर्ण सूचनाहरु प्राप्त गर्न one click information तयार गर्ने।

३. सरल सरकार–सहज सेवा (Simpler Government–Easy Service)

- सेवा वितरणलाई सरल बनाउन अहिलेका जटिल कार्यविधि तथा कानूनलाई सरल बनाउने,
- अत्यावश्यक बाहेकका प्रक्रियागत व्यवस्था हटाउने र बाँकी प्रावधान सबै नागरिकले बुझ्ने गरी तयार गर्ने,
- Public Service Delivery मा चाँप बढी हुने संगठनको संरचना र जनशक्तिमा सुधार गर्ने र संरचनालाई कार्यात्मक बनाई जनशक्तिलाई सक्षम (Competent) बनाउने,

४. सांस्कृतिक रुपान्तरण (Cultural Transformation)

- एकल संस्कृति (Mono-cultural) संगठनलाई बहुल संस्कृतिक (Multicultural) मा रुपान्तरण गर्ने,
- यसका लागि कर्मचारीहरुलाई सांस्कृतिक ज्ञान (cultural intelligence) दिएर विविध संस्कृति भएका समाजमा सेवा ि दन सक्षम Culturally Competent Bureaucracy मा रुपान्तरण गर्नुपर्दछ,
- Diversity Audit गरेर सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउने।

**सार**

सार्वजनिक प्रशासन पूर्वानुमान गर्न नसकिने अवस्थामा पनि सेवा दिन सक्षम संस्थाको रुपमा विकसित हुनुपर्दछ। नवीन प्रवर्तनलाई स्थान दिएर कर्मचारीहरुको सिर्जनात्मक विचारलाई सम्मान गर्न आवश्यक छ। यसका लागि परिवर्तनको व्यवस्थापन मात्र नभई परिवर्तनको सिर्जना गर्न सक्ने नेतृत्वको आवश्यकता पर्दछ।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**४) नेपालको संवैधानिक विकासक्रमको आधार चर्चा गर्दै नेपालको वर्तमान संविधानमा रहेका कमजोरीहरु दर्शाउनुहोस् । ५+५=१०**

**विषय प्रवेश**

मुलुकको शासन, विकास र सेवाप्रवाह गर्ने राजनीतिक चरित्र बोकेको मूल कानूनी मार्गदर्शन तथा आधार नै संविधान हो । राष्ट्रको शासन प्रणाली, शासकीय स्वरूप, राज्यशक्तिको बाँडफाँट, सरकारका अंगहरूको कार्य विभाजन लगायत अन्य मूलभूत विषयलाई दिशानिर्देश गर्ने मूल कानूनी दस्तावेजका रुपमा संविधानलाई लिने गरिन्छ । यसले राज्यको सोच, विचार, आदर्श, मूल्य–मान्यता, सिद्धान्त, उद्देश्य, नीतिलाई दर्शाउने गर्दछ ।

**नेपालको संवैधानिक विकासक्रमको आधार**

संविधानको निर्माण, परिमार्जन, सुधार र विस्तार हुँदै त्यसमा भएको गुणात्मक तथा परिमाणात्मक वदोत्तरी नै संवैधानिक विकास हो ।

**संवैधानिक विकासको आधार**

- सामान्य कानूनको विकासको उपजको रूपमा,
  - नवीन कानून, आधुनिक कानून मानिने,
- राजनीतिक रुपान्तरणको सोच र दर्शनलाई वैधता प्रदान गरी संस्थागत गर्न संवैधानिक विकास हुँदै आएको,
- शासन, विकास र सेवाप्रवाहको लागि वैधानिक आधार निर्माण गर्न र दिगोपना कायम गर्न संविधानको परिमार्जन, सुधार र विस्तार हुँदै आएको,
- रुपान्तरणका लहर वा दवाबबाट विकासक्रमको मागहुने, जस्तै :
  - विकेन्द्रीकृत शासन पद्धति तथा शासकीय साझेदारको विकास, विस्तार एवं सवलीकरण,
  - कानूनी राज्य वा शासन तथा सुशासनको अवधारणामा विकास,
  - बहुस्तरीय शासन पद्धति,
  - मानव अधिकारको जागरण र जनसचेतीकरण,
  - उत्तरदायित्त्व बहनको बोध (सरकार र जनता दुबैमा),
  - अन्तर्राष्ट्रिय सम्बन्धको विकास एवं विस्तार आदि ।
- कानूनको पूर्ण परिपालना गर्न, **व्याख्यामा** एकरुपता कायम गर्न, त्यसमा **सुधार** गर्न र संस्थागत गर्न पनि संविधानमा गुणात्मक अभिवृद्धि हुने,
- संविधानबादको अवधारणा अवलम्बनसँगै संविधानमा विकास हुँदै आएको छ ।

**संविधानमा भएका केही कमजोरी (व्यवस्थामा)**

विभिन्न मुलुकका संविधान त्यहाँको राजनीतिक, प्रशासनिक तथा समग्र पर्यावरणिय पक्षको संबोधन हुनेगरी तर्जुमा गरिएको हुन्छ । नेपालको संविधान पनि यही सेरोफेरोमा विकास तथा विस्तार हुँदै आएको छ । यसमा देखिएका केही कमजोरीहरु यहाँ उल्लेख गरिएको छः

- संविधान सारभूत रूपमा संक्षेपीकरण हुनुपर्ने तर वृहत्तर भयो,
  - यसो हुँदा भाव अमुर्त हुन गयो, भाषा दोहोरो अर्थ लाग्ने भयो
- संविधानमा सामान्य प्रकृतिका त्रुटीहरू रहे,
  - व्याकरणिय त्रुटी, भाषागत त्रुटी
  - अनुसूचीमा रहेका अधिकार डुब्लिकेशन भयो (एउटै विषय एउटै अनुसूचीमा दुई पटक लेखियो (अनुसूची–९, क्र.सं. ६ र १४)

- संविधान अस्पष्ट भयो, उदाहरण :
  - यदि सभामुख र उपसभामुख दुवैले संयुक्त राजिनामा दिनुपर्ने अवस्था आएमा के गर्ने संविधानमा स्पष्ट भएन,
- अस्वभाविक मौलिक हक राखियो,
  - मौलिक हक मुल कानूनमा प्रत्याभूत हुने विषय हुन्। यो राज्यको दायित्त्व हो। यी निशर्त हुन्छन्। तर कानून नियन्त्रित मौलिक हक दिएर संविधानवाद विपरित भयो,
- तत्कालिन कार्यान्वयनमा जानुपर्ने मौलिक हकलाई ३ वर्ष भित्र कानून बनाएर कायन्वियन गरिने व्यवस्था लेखिदा मौलिक हकको मूल्य र मान्यतामै प्रहार भयो,
- संविधानको मक्सद, मूल्य बमोजिम निर्माण नभएर अलि बढी भावपरक र शब्दजाल युक्त भयो कि भन्ने आलोचना गरिन्छ,
- संविधानमा रहेका साझा अधिकारका सूचीमा रहेको द्विविधापूर्ण व्यवस्थालाई संविधान बमोजिम नै Unbundling गर्नुपर्थ्यो। त्यसो हुन सकेन।

**सार**

संविधान राज्यको मुल कानून हो। हरेक मुलुकमा सामान्य कानूनको विकास हुने क्रममा संवैधानिक विकासक्रम हुँदै आएको पाइन्छ। संविधानमा रहेका कमीकमजोरी हटाउदै यसलाई सुधार गरी गुणात्मक रुपमा संवैधानिक विकास गर्नु आजको आवश्यकता हो। नेपालमा पनि वि.सं. २००४ देखि संविधानको निर्माण, परिमार्जन, सुधार र विस्तार हुँदै आएको छ।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**५) समावेशीकरणको अवधारणालाई प्रस्ट्याउदै नेपालमा यसका लागि तय गरिएका नीतिगत व्यवस्था सहित समावेशीकरणका विशेष क्षेत्रहरु उल्लेख गर्नुहोस् ।** **२+३+५=१०**

## विषय प्रवेश

शासन, विकास र सेवा प्रवाहका सर्वाङ्गिण आयाममा शासकीय साझेदार र जनता स्वंयलाई सहभागी गराउने कार्य, प्रक्रिया र पद्धतिनै समावेशीकरण हो । लोक कल्याणकारी राज्य व्यवस्थाका हरेका पक्षमा नागरिकलाई सक्रिय रुपमा सहभागी गराउनुपर्ने मान्यता यस अवधारणाले राख्दछ। यो सरकारको दायित्व तथा मूलभूत जिम्मेवारी हो भने नागरिक तथा शासकीय साँझेदारहरुको अधिकार हो।

## नीतिगत व्यवस्था

नेपालको सन्दर्भमा समावेशीकरणका सम्बन्धमा तय गरिएका विद्यमान नीतिगत व्यवस्थाहरु यहाँ उल्लेख गरिएको छ :

- संविधान
  - प्रस्तावनामै समावेशीतालाई आधार बनाउने उल्लेख,
  - राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी सबै उद्देश्यमा यसलाई समेटिएको,
  - राज्यको नीति,
  - मौलिक हक आदि ।
- निर्वाचन प्रणाली (समावेशी, मिश्रित),
- विशिष्टीकृत पदहरुको प्रतिनिधित्व (संघ, प्रदेश, स्थानीय तीनै सरकारका),
- मन्त्रिपरिषद्मा समावेशीता,
- निजामती तथा अन्य सरकारी सोमा समावेशी समानुपातिक प्रतिनिधित्व,
- सरकारीता, समन्वय र सहअस्तित्वको सिद्धान्त वा मान्यता अवलम्बन,
- प्रशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४,
- शासन संचालनका आधारमा समावेशीकरणको मर्म आत्मसाथ,
- नीति, योजना, कार्यक्रम, बजेट सबै समावेशीकृत पद्धतिमा रहेका ।

## समावेशीकरणका विशेष क्षेत्रहरु

उदारीकृत तथा लोकतान्त्रिक शासन पद्धतीमा सामाजिक न्याय तथा सुशासन कायम गर्न, दिगो विकास गर्नका साथै जनहित र राष्ट्रहित प्रवर्द्धन गर्ने दिशातर्फ समावेशीकरण लक्षित हुन्छ। यसका विशेष क्षेत्रहरु यहाँ उल्लेख गरिएको छ :

- राजनीतिक संयन्त्र र प्रणालीमा समावेशीकरण
  - बहुदलीय शासन पद्धती,
  - समानुपातिक समावेशी प्रतिनिधित्व,
  - समानुपातिक, मिश्रित निर्वाचन प्रणाली,
  - नीति निर्माणमा शासकीय साझेदारको संलग्नता ।
- आर्थिक समावेशीकरण
  - आर्थिक उदारीकरण नीति,
  - विश्वव्यापीकरण,
  - निजीकरण,

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

- बजारीकरण,
- अर्थ बजारीकरण।

– प्रशासनिक समावेशीकरण

- नागरिकमैत्री प्रशासन संयन्त्र,
- सबैको सहज पहुँच,
- निष्पक्ष र प्रभावकारी रुपमा विधिसम्मत सेवा प्रवाह,
- सेवा प्रवाहमा विद्युतीयकरण

– सामाजिक समावेशीकरण

- सामाजिक सद्भाव कायम गर्ने,
- लोक कल्याणकारी कार्यहरु,
- समान सम्बृद्धि, सहअस्तित्व कायम।

– भौगोलिक समावेशीकरण

- प्रादेशिक सन्तुलन कायम गर्ने,
- शासन, विकास, सेवा प्रवाहमा समानता र समतामूलक व्यवहार।

– नीतिगत तथा कानूनी समावेशीकरण

– व्यवस्थापकीय समावेशीकरण

– गुणात्मक स्वरुपहरुका क्षेत्रहरु

- सकारात्मक विभेद,
- समतामूलक व्यवहार,
- आरक्षण आदि।

## सार

विगतमा गरिएका असमान व्यवहारका कारण राज्यका मुलधारबाट पछाडी परेका वा पारिएका व्यक्ति, समुह, वर्ग, क्षेत्र वा समुदायलाई राज्य संयन्त्रको मुल दायराभित्र ल्याउन हाम्रो जस्तो मुलुकमा समावेशीकरणको नीति सहायकसिद्ध भएको छ। नागरिकको शासन, विकास र सेवा प्रवाहको हरेक तह वा चरणमा समतामुखी सहभागिताको सुनिश्चितता बनाउनु आजको आवश्यकता हो। यसको लागि समावेशीकरण नीतिको व्यवहारिक उपयोगमा विशेष ध्यान दिन जरुरी छ।

**६) सार्वजनिक नीति विश्लेषण के हो ? यसका सुचकहरु उल्लेख गर्दै नेपालको सन्दर्भमा नीति निर्माणको कुन सिद्धान्त उपयुक्त ठान्नुहुन्छ ? आफ्नो धारणा राख्नुहोस् । ३+३+४=१०**

**विषय प्रवेश**

सार्वजनिक नीति विश्लेषणले यसको व्याख्या, विवेचना, लेखाजोखा, तुलना वा समिक्षालाई जनाउँदछ। नीति व्यवस्थापनको सम्पूर्ण चक्रमा सार्वजनिक नीतिको विश्लेषण गर्ने गरिन्छ। यो बहुआयामिक वा बहुचरणयुक्त कार्य तथा प्रक्रिया हो।

वर्तमान नीतिले तोकिएको उद्देश्य पूरा गर्न सक्यो वा सकेन? नयाँ नीति ल्याउनुपर्ने कारण के हो? के नयाँ नीतिले सम्बन्धित सवाल संबोधन गर्न सक्छ त? लगायतका विषयको उत्तर खोज्न सार्वजनिक नीतिको विश्लेषण गर्ने गरिन्छ।

सार्वजनिक नीतिको मुल्यांकनका तीनै चरणमा यसको विश्लेषण गर्न सकिन्छ । नीति विश्लेषणको प्रमुख ध्येय नीतिको प्रभावकारिता वा नतिजाको जानकारी प्राप्त गर्नु हो।

**नीति विश्लेषणका सूचक**

नीतिको विश्लेषण नीति सम्बद्ध सरोकारवाला पक्षहरुले नै गर्ने गर्दछन् । तैपनि सारभूत रुपमा नीतिको आन्तरिक विश्लेषण सरकारबाटै र बाह्य विश्लेषण स्वतन्त्र व्यक्ति वा संस्थाबाट (तेस्रो पक्षका रुपमा) हुने गर्दछ। सामान्यतया नीति विश्लेषण गर्दा देहायका सूचकको प्रयोग गर्ने गरिन्छ :

| सूचक | सूचक |
|---|---|
| • सरलता छ/छैन (Simplicity) | • जनस्वीकार्यता (Acceptability) |
| • पारदर्शिता (Transparency) | • समता/समानता (Equity and Equality) |
| • उपयुक्तता (Appropriateness) | • पर्यावरणमैत्री (Ecology) |
| • उत्तरदायी (Responsibility) | • दक्षता (Efficiency) |
| • पर्याप्तता (Adequacy) | • प्रभावकारिता (Effectiveness) |
| • सान्दर्भिकता (Relevancy) | • सार्वभौमिकता (Universality) |
| • मितव्ययिता (Frugality) | • दिगोपना (Sustainability) |
| • व्यवहारिकता (Pragmatics/ Practicalities) | • विश्वसनीयता (Credibility) |

**कुन सिद्धान्त उपयुक्त ?**

नेपालको सार्वजनिक नीति निर्माणमा प्राय सबै सिद्धान्त कुनै न कुनै रुपमा प्रयोग हुने गरेका छन्। क्षेत्रगत रुपमा नीतिको प्रकृति एवम् परिवेशमा आवश्यकता अनुसार उक्त सिद्धान्तहरुको प्रयोग हुने गर्दछ।

नयाँ नीति तर्जुमा हुँदा विवेकशिलताको सिद्धान्त प्रयोग हुने गर्दछ। आजभोली तत्थ्यमा आधारित नीति निर्माणले समेत प्राथमिकता पाएको देखिन्छ।

नीति परिमार्जन गर्दा बढोत्तरीको सिद्धान्तको प्रयोग भएको पाइन्छ भने प्राय नीति लोकप्रियताकै सिद्धान्तमा रहेका छन्। राजनीतिक प्रणालीगत सिद्धान्त पनि केही हदसम्म नीति तर्जुमा गर्ने आधारकै रुपमा रहेको देखिन्छ।

विषयगत आधारमा कुन विषयमा कुन सिद्धान्त प्रयोग हुन्छ भन्ने मात्र हो। सारभूत रुपमा विश्लेषण गर्दा प्राय सबै सिद्धान्त केही न केही रुपमा प्रयोग भएकै छन्। कुनैपनि सिद्धान्त एक अर्काका प्रतिस्पर्धी वा विरोधी होइनन्। यी सबै सर्वाङ्गिण सिद्धान्त हुन्। यसर्थ यी एक अर्काका परिपूरक हुन्छन्।

**सार**

सार्वजनिक नीति सरकारले गर्ने वास्तविक कार्यको मार्गदर्शन हो। यो लोक कल्याणकारी सोचमा आधारित हुन्छ। यसर्थ, नीति जनकेन्द्रित भएर जन कल्याण वा अपेक्षा पूरा गर्न सफल भयो वा भएन भनेर नीतिको विश्लेषण गर्नुपर्ने हुन्छ। माथि उल्लेखित सूचकमा रहेर नीति विश्लेषण गर्न सकेमा यसको प्रभावकारिता वृद्धि गर्न सहज हुन्छ।

**७) नेपालको निजामती सेवामा जनशक्ति विकासका सन्दर्भमा देखिएका चुनौतीहरू उल्लेख गर्दै यसका लागि गरिएका प्रयासहरु उल्लेख गर्नुहोस्। ५+५=१०**

**विषय प्रवेश**

निजामती सेवालाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण, निश्चित विधि बमोजिम उक्त जनशक्तिको प्राप्ति गरी प्राप्त भएको जनशक्तिको क्षमता विकास गर्ने कार्य जनशक्ति विकास हो। यसले कर्मचारीको भर्ना देखि अवकाश पश्चात सामाजिकीकरण गर्ने सम्मको व्यवस्थापकीय प्रक्रियालाई संकेत गर्दछ। कर्मचारीलाई संगठनमा आकर्षण गर्न, शासन, विकास र सेवा प्रवाहमा उत्प्रेरित गर्न र नागरिकमैत्री कार्यसम्पादन गर्न जनशक्ति विकासको आवश्यकता पर्दछ।

**चुनौतीहरू**

नेपालको निजामती सेवामा जनशक्ति विकासका सन्दर्भमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ :

- जनसांख्यिक लाभलाई प्रयोग गर्नेगरी आवश्यकतानुसार जनशक्तिको पहिचान गरी सो बमोजिम विकास गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा आवश्यकता बमोजिम कर्मचारीको व्यवस्था गनुपर्ने, र फाजिलमा रहेका जनशक्तिको यथाशिघ्र व्यवस्थापन गर्ने,
- सामाजिक मूल्य, मान्यताले ल्याएका परिवर्तन, अर्थतन्त्रमा भित्रिएका नवीन सिद्धान्त, सूचना प्रविधिको विकासलाई आत्मसाथ गर्न सक्षम जनशक्ति विकास गर्ने,
- सामाजिक, सांस्कृतिक पक्षलाई आत्मसाथ गर्न सक्षम Culturally Competent Bureaucracy बनाउनुपर्ने चुनौती,
- सक्षम मानव शक्तिको विकास गर्दै Work force diversity लाई व्यवस्थापन गर्नुपर्ने,
- 'सरल सरकार सहज सेवा'को मान्यता बमोजिम सार्वजनिक सेवा प्रवाह गर्न सक्षम जनशक्तिको विकास गर्ने,
- जनशक्ति व्यवस्थापनमा लैंगिक असमानता हटाउनुपर्ने,
- समावेशीकरणको मुल्य बमोजिम ल्याईएको आरक्षणको नीतिलाई समयानुकुल परिमार्जन गर्ने (एक पटक आरक्षण पाएको व्यक्तिले पटक पटक आरक्षण पाउने व्यवस्था हटाउने),
- सार्वजनिक प्रशासनमा भित्रिएका नवीन मान्यताहरू जस्तैः New Public Management, New Public Service, New Public Governance, New Public Passion आदिलाई आत्मसाथ गनुपर्ने,
- गुणस्तर र उत्पादकत्व बढाउने र ग्राहक सेवामा सुधार गर्न आचरणगत व्यवहारमा सुधार गर्नुपर्ने,
- नवप्रवर्तन चालित सरकारको सोच, लक्ष्य,उद्देश्य बमोजिम सेवा प्रवाह गनुपर्ने,
- विविधता व्यवस्थापन गर्नुपर्ने आदि।

**प्रयासहरू**

नेपालमा मानव संशाधन विकासका लागि गरीएका केही व्यवस्थाहरूलाई यहाँ बुँदागत रुपमा उल्लेख गरिएको छः

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका अन्य निकायहरूमा – Human Resource सम्बन्धी नीति निर्माण तथा उपयोग भैरहेको,

- लोक सेवा आयोगले - Recruitment, selection and recommendation गरेको , (प्रदेश लोक सेवा आयोगको गठन भएको)
- विभिन्न तालिम केन्द्रहरूको स्थापना भई - तालिम, वृत्ति विकास सम्बन्धी वर्कसपहरू हुने गरेको,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयल Central Personnel Agency को भूमिकामा रही मानव संसाधन विकासमा जोड दिईएको,
- एकीकृत निजामती सेवाका लागि तहगत प्रणालीमा जोड दिईएको, (प्रदेश र स्थानीय तहमा तहगत प्रणाली लागु भएको)
- निजामती सेवा ऐन र नियमवलीमा Human Resource Development सम्बन्धी Succession plan लगायतका विभिन्न व्यवस्था गरिएको,
- वैदेशिक अध्ययन तालिमको व्यवस्था गरीएका,
- वरिष्ठ तहका कर्मचारीहरूका लागि निर्णयमा परिपक्वता र क्षमता विकासका लागि व्यवस्थापन विकास कार्यक्रमहरू (SEDP, वैदेशिक तालिम) संचालन भएको आदि।

**सार**

नेपालको निजामती सेवामा जनशक्तिको आवश्यकता र बजारमा जनशक्तिको पूर्तिको संभावना विश्लेषण गरी जनशक्ति विकास र व्यवस्थापन गर्नुपर्ने हुन्छ। वर्तमान सन्दर्भमा हामीले केही कठिनाईहरु भोगेका छौं। यस्ता अफठ्याराहरुलाई सम्बोधन गर्न नीतिगत, कार्यगत, संस्थागत एवम् संरचनागत रुपमै सुधारको जरुरी छ।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**८) प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि सेवाग्राहीको दृष्टिकोणबाट पालना गर्नुपर्ने जिम्मेवारी उल्लेख गर्दै प्रभावकारी सेवा प्रवाहका सुचकहरुको चर्चा गर्नुहोस् । ५+५=१०**

**विषय प्रवेश**

सरकारले आफ्ना नागरिकलाई निशुल्क, सशुल्क वा अन्य कुनै प्रकारले उपलब्ध गराउने सेवा नै सार्वजनिक सेवा हो । मुनाफा आर्जन नगर्ने तर जनतालाई सहयोग र सेवा गर्ने उद्देश्यले सरकारबाट यस्तो सेवा प्रवाह गरिन्छ। सार्वजनिक सेवा प्रवाहले सरकार र नागरिकबीचको सम्बन्ध निर्धारण गरी नागरिकको सरकारप्रतिको विश्वास अभिवृद्धि गर्न मद्दत गर्दछ।

**सेवाग्राहीले पालना गर्नुपर्ने जिम्मेवारी**

सेवा प्रदायकहरू प्रति शिष्ट तथा नम्रता पूर्वक प्रस्तुत हुने, अन्य सेवाग्राहीहरूको अधिकारको सम्मान गर्ने दायित्व सेवाग्राहीको हुन्छ । सेवाप्रदायकलाई अनुचित प्रभाव पार्न नहुने र कानूनले तोकेको सम्पूर्ण प्रक्रियाहरू पूरा गरी मात्र सेवा लिनुपर्ने कर्तव्य हुने सेवाग्राहीका निम्नानुसारका दायित्वहरू हुन्छन् :

- नीति निर्माण, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा सक्रियतापूर्वक सहभागिता जनाउने,
- सरकारको बिना प्रमाण र अधिकार अस्वस्थ आलोचना नगर्ने,
- सेवा प्रदायकका कमजोरीहरूलाई सम्बन्धित निकायमा तत्काल जानकारी दिने,
- सरकारलाई रचनात्मक सुझाव दिने,
- शासन, विकास र सेवा प्रवाहमा सरकारको सहयोगीका रुपमा कार्य गर्ने,
- देशको ऐन, नियम बारे ज्ञान वा जानकारी हासिल गरी कानूनको शासनको सम्मान गर्ने,
- जिम्मेवार निकायहरूलाई उत्तरदायी बनाउने,
- सेवा प्रदायकहरूप्रति सकारात्मक दृष्टिकोण राखी आवश्यक सहयोग गर्ने,
- राज्यलाई बुझाउनु पर्ने कर, दस्तुर, महशुल आदि समयमै बुझाउनु
- सुशासन कायम गर्नका लागि अनियमितताका सम्बन्धमा उजुरी गर्नु,
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता क्रियाकलापहरूमा सरिक हुनु,
- सेवा प्रदायकलाई अनावश्यक रुपमा दवाव सिर्जना नगर्नु र आफ्नो अधिकार र सिमाको जानकारी हासिल गर्नु,

वास्तबमा सेवा प्रदायक र सेवाग्राही दुबैमा आ–आफ्नो अधिकार र कर्तव्यको बोध भएर कार्य सम्पादन गरेमा नेपालको सार्वजनिक सेवा प्रवाहले सोचेजस्तो र खोजेजस्तो नतिजा हाँसिल गर्न सक्दछ।

गुरुमन्त्र एकडेमी
सफलताको एक मात्र मन्त्र

**प्रभावकारी सेवा प्रवाहका सूचकहरू**

उपयुक्त समय र स्थानमा लक्षित समुहका लागि उपयुक्त र पर्याप्त सेवा प्रवाह हुनु नै वास्तबमा प्रभावकारी सेवा प्रवाहका सूचकहरू हुन्। यसका अलावा, प्रभावकारी सेवा प्रवाहका सूचकहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- मितव्ययी र गुणस्तरीय सेवा,
- सेवाग्राही मैत्री सेवा,
- माग र आपूर्तिबीच सन्तुलित र सामन्जस्यतापूर्ण सेवा,
- समता र समानतामा आधारित सेवा प्रवाह,

- सबैको पहुँच र अवसरयुक्त सेवा प्रवाह,
- आवश्यकता अनुसार सकारात्मक विभेदका प्रावधानहरू समेटिएको सेवा,
- सेवाको डिजाईन देखि डेलिभरीसम्म नागरिकको संलग्नताको सुनिश्चितता,
- शसकीय साझेदारहरुको सहयोग र निगरानी,
- गुनासो सुनुवाईको संयन्त्र विकास र समयमै गुनासोको संबोधन,
- प्रविधिको विकास, विस्तार र हस्तान्तरण र सोको प्रभावकारी प्रयोग,
- सेवाको Anticipation, Standardization / customization,
- सेवाको प्रभावकारिता वृद्धिका लागि अनुसन्धान तथा विकास आदि।

**सार**

सार्वजनिक सेवा प्रवाह गर्ने जिम्मेवारी सरकार संगै शासकीय साझेदार समेतको हो। सेवा प्रवाहको प्रभावकारिता वृद्धिमा सेवा प्रदायक र सेवाग्राही दुबैको सक्रिय एवम् शिर्जनशील भूमिका आवश्यक पर्दछ। सेवाग्राहीले उल्लेखित दायित्त्व पूरा गर्ने र सेवा प्रदायकले तोकिएको विधि बमोजिम सेवा प्रदान गर्ने हो भने यहाँ प्रस्तुत गरिएका सूचक देखिने गरी शासन, विकास र सेवा प्रवाह हुन सक्दछ।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**९) मानव पूँजी व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ? यसका कार्यहरु उल्लेख गर्दै नेपालमा यस सम्बन्धी मौजुदा अवस्था चर्चा गर्नुहोस्। ३+३+४=१०**

**विषय प्रवेश**

मानव संशाधन विकास तथा मानव विकासका लागि गरिएको लगानी नै मानव पूँजी हो। यसका लागि गरिने समग्र व्यवस्थापकीय प्रक्रिया मानव पूँजी व्यवस्थापन हो। संगठनमा आवश्यक पर्ने जनशक्तिलाई संगठनको उद्देश्य अनुकूल काम गर्न सक्ने गरी तयार गर्ने र मौजुदा जनशक्तिलाई निजहरुको क्षमता, सीप विकास गर्न सकिने लगानी र सोको समग्र व्यवस्थापन कार्य, प्रक्रिया र पद्धतिलाई मानव पूँजी व्यवस्थापनका रुपमा हेरिन्छ।

**किन लगानी?**

- सक्षम, सवल, समझदार र सभ्य मानव तयार गर्न,
- मानवको उत्पादन र उत्पादकत्व बढाउन,
- मानवको गुणात्मक क्षमता अभिवृद्धि गर्न आदि।

**कार्यहरु**

- मानव संशाधन विकास गर्ने,
  - जनसंख्या व्यवस्थापन (जनसांख्यिक पक्षहरु)
  - शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, पोषण ...)
  - सुरक्षा, रोजगारी, गरिबी निवारण आदि।
- नीतिगत/ कानूनी व्यवस्था सम्बन्धी कार्यहरु गर्ने,
  - संविधान, ऐन, नीति, कार्यक्रम
- संरचनागत एवं सांगठनिक कार्यहरु गर्ने,
  - सरकारी, निजी, सहकारी, गैर सरकारी
- स्रोत साधनको कुशल व्यवस्थपन गर्ने,
- पर्यावरणीय अनुकूलता सिर्जना गर्ने,
  - राजनीतिक, प्रशासनिक, नागरिक समुदाय, प्रविधिगत सदुपयोग आदि,
- राष्ट्रहित तथा जनहित प्रवर्द्धन गरी राष्ट्र निर्माण आदि गर्ने।

**नेपालमा यसको अवस्था**

मानव पूँजी व्यवस्थापनको प्रयास राज्यको उत्पत्ति सँगै भएको हो। राज्यको प्रादुर्भाव नै मानव पूँजी व्यवस्थापन गर्न भएको हो। सामाजिक न्याय प्रवर्द्धन गर्ने र लोक कल्याणकारी राज्यको मर्म अनुरुप राज्यको कार्यलाई रुपान्तरण गर्न नै सुरुवात देखि मानव पूँजी व्यवस्थापन हुँदै आएको छ।

**(अभ्यास) के भयो त ?**

- विभिन्न नीतिगत तथा कानूनी सुरुवात, विकास र विस्तार गरेको,
- सांगठनिक संरचनाको स्थापना, विस्तार र सुदृढ गरेको,
- स्रोत साधनहरुको व्यवस्थापन परिचालन हुँदै आएको,
- पर्यावरणीय अनुकूलता बमोजिम मानव पूँजी व्यवस्थापन गर्दै आएको,

**अवस्था के छ ?**

मानव पूँजी व्यवस्थापनका सन्दर्भमा देखिएको मौजुदा अवस्था यहाँ उल्लेख गरिएको छः

- विस्तारै गरिबी घट्दै छ। HDI राम्रो हुँदै गएको छ,
- रोजगारी बढ्दै छ,
- शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा लगानी बढ्दो छ,
- विभिन्न सीपमूलक कार्यक्रमहरु संचालनमा रहेका छन्
    - सीप, तालिम विकास जस्ता कार्यक्रमहरु,
- Least Developed Countries बाट स्तरोन्नती हुन सिफारिस भएको छ ।

**तैपनि**

अपेक्षा गरे बमोजिम नतिजा प्राप्त हुन सकेको छैन। विकसित मुलुकको अवस्था सँग तुलना गर्दा हाम्रो मानव पूँजी व्यवस्थापन कमजोर नै छ।

- गरिबी (निरपेक्ष) अझै १७ प्रतिशत हाराहारी रहेको,
- बेरोजगारी दर ११.४ प्रतिशतमा रहेको छ,
- शिक्षा, स्वास्थ्यमा पहुँच अपेक्षाकृत बढ्न सकेन,
- राजश्व परिचालन क्षमता कमजोर देखिएको,
- प्रशासन संयन्त्र बलियो भएन,
- मानव विकास सूचकांकमा पछाडीनै भएको,
- विभिन्न सामाजिक–सांस्कृतिक, लैङ्गिक, घरेलु हिंसा अझै छन्।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**सार**

मौजुदा जनशक्तिमा लागानी गर्दै सीपयुक्त जनशक्तिलाई सही ढंगबाट परिचालन गरी पुँजीमा रुपान्तरण गर्ने कार्य, प्रक्रिया वा पद्धति नै मानव पुँजी व्यवस्थापन हो। सही रुपमा मानव पुँजी व्यवस्थापन गर्न सकेमा मानवको गुणात्मक क्षमता अभिवृद्धि गर्न सहज हुन्छ। यसैका लागि नेपालमा पनि दिगो सोचमा आधारित रहेर विभिन्न नीतिगत, कार्यक्रमगत, संस्थागत, स्रोतगत प्रबन्धहरु हुँदै आएका छन्।

**१०. सरकारी लेखा परीक्षण भनेको के हो ? आन्तरिक लेखा परीक्षणको व्याख्या गर्दै यसको आवश्यकता बारे उल्लेख गनुहोस्।**

**३+३+४=१०**

**उत्तर : सरकारी लेखा परीक्षण**

सरकारले आर्थिक कारोबार (आय र व्यय) सञ्चालन गरेर राखेको लेखाको स्रेस्ता ऐन, नियम, कानून, कार्यविधि, लेखापरीक्षण मापदण्ड वा ढाँचा अनुरुप छ वा छैन भनेर परीक्षण गर्ने, जाच्ने, विश्लेषण गर्ने र मूल्यांकन गर्ने र सम्बन्धित निकायलाई सोको प्रतिवेदन पेश गर्ने समेतको सम्पूर्ण कार्य नै सरकारी लेखा परीक्षण हो।

लेखा परीक्षण गर्नुको मुख्य उद्देश्य खर्चका आधारमा तयार गरिएको आर्थिक विवरणको याथर्थता निश्चित गर्नु र आर्थिक कारोबारमा हुनसक्ने मुल त्रुटी र जालसाँजी पत्ता लगाउनु हो। वर्तमान आधुनिक मान्यता अनुसार लेखापरीक्षणले सो अतिरिक्त उपलब्ध स्रोत साधनको कशुलता, नियमितता, मितव्ययिता, प्रभावकारिता, कर्म दक्षता र औचित्यताका आधारमाा उपयोग भए नभएको समेत विश्लेषण र परीक्षण गर्ने गर्दछ।

**आन्तरिक लेखापरीक्षण**

कार्यकारी निकायको आर्थिक कारोबारको सम्बन्धमा कार्यकारी निकायकै अर्को अंगले उक्त आर्थिक कारोबार सम्बन्धित ऐन, कानून, प्रशासकीय कार्यविधि वा तोकिएको विधि वा ढाँचा अनुरुप भएको वा नभएको भनेर जाँच, मूल्यांकन, विश्लेषण गरी सम्बन्धित पक्षलाई जानकारी दिलाउने सम्मको सम्पूर्ण क्रियाकलापलाई आन्तरिक लेखापरीक्षण भन्ने गरिन्छ। यस्तो आन्तरिक लेखापरीक्षण सम्बन्धित निकायकै लेखापरीक्षण शाखा वा आ.ले.प.का लागि तोकिएको शाखाबाट गरिन्छ।

आन्तरिक लेखापरीक्षणमा लेखापालन निर्धारित कार्यविधि, स्वीकृत सीमा, खर्चलाई समर्थन गर्ने तथ्य वा कागजात, खर्चमा मितव्यायी,प्रभावकारिता तथा औचित्यता सम्बन्धमा छानविन गरिन्छ। यसको मुख्य उद्देश्य गल्ती पत्ता लागाउनु मात्रै नभई आर्थिक क्रियाकलापमा देखिएका त्रुटी, कमजोरीलाई कम गरी समयमै सुधारात्मक कदम चाल्न सुझाव एवम् सहयोग गर्नु पनि हो।

**आवश्यकता**

आन्तरिक लेखापरीक्षणको सार्वजनिक प्रशासनमा भएको आवश्यकतालाई देहाय वमोजिम उल्लेख गर्न सकिन्छ :

- हचुँवा, मनोगत र स्वविवेकी ढङ्गबाट सरकारी खर्च हुनसक्ने अवस्थालाई रोक्न,
- आर्थिक कारोबारको शुद्धता र यथार्थताको सुनिश्चितता गर्न,
- त्रुटी, जालसाजी या अन्य कुनै कमी कमजोरी भेटिएमा त्यसलाई समयमै सच्चाई संगठनलाई सही दिशातिर डोऱ्याउन,
- रकम भुक्तानी गर्दा स्वीकृत सीमा भित्र गर्न प्रेरित गर्न,
- गल्ती, भुल वा जालसाजी पत्ता लगाई सोको निराकरण गर्न,
- आर्थिक कारोबारको अभिलेख दुरुस्त राख्न,
- वित्तीय उत्तरदायित्व पारदर्शिता र खर्चको मितव्ययिता, प्रभावकारिता र औचित्यता कायम गर्न,
- कानूनको पालना गरी आर्थिक अनुशासन कायम गर्न,
- वेरुजु भेटिएमा तत्काल फछ्र्यौट गर्न सुझाव दिन,
- व्यवस्थापकलाई आवश्यक पृष्ठपोषण दिन,

गुरुमन्त्र एकेडेमी
सफलताको एक मात्र मन्त्र

सारमा, मितव्ययी एवम् नियमित तवरले कार्य सञ्चालन गराउन आर्थिक कारोबार प्रचलित कानून एवम् प्रशासकीय कार्यविधि र तोकिएको लेखाङ्कन ढाँचामा गर्न, अन्तिम लेखा परीक्षणको आधार व्यवस्थित गर्न, लेखा दुरुस्त राख्न आन्तरिक लेखा परीक्षणका आवश्यकता हुन्छ।

**सफलताको शुभकामना**

